attitude
is everything

# पहुँच अनलाईनबाट सुरू हुन्छ

## महोत्सवको पहुँचयुक्तताबारे जानकारी दिने पुस्तिका

नेपाली संस्करण

BRITISH COUNCIL
Supported using public funding by ARTS COUNCIL ENGLAND

# Attitude is Everything का बारेमा

Attitude is Everything युके मा अवस्थित, अपाङ्गता भएका व्यक्तिहरूले नेतृत्व गरेको संस्था हो, जसले सन् २००० देखि नै युकेको सङ्गित उद्योगलाई सहयोग गर्दै आएको छ । हामीसँग सयौँ बहिरा तथा अन्य अपाङ्गता भएका व्यक्तिहरू स्वयंसेवकका रूपमा आवद्ध हुनुहुन्छ, जो बिभिन्न साङ्गितिक कार्यक्रममा गुपचुप रूपमा सहभागी हुनुहुन्छ र आफ्नो अनुभव हामीलाइ सुनाउनुहुन्छ । अनि हामी तिनका आधारमा सुधारका सुझावहरू तयार गर्छौं ।

हामीले युके भरका सयौँ कार्यक्रम आयोजना हुने स्थल तथा साङ्गितिक महोत्सवसँग सहकार्य गरेर उनीहरूलाई थप अपाङ्गता मैत्री बनाउन सहयोग गरेका छौँ ।

हामी ठुला वा साना साङ्गितिक महोत्सव तथा कार्यक्रम स्थलहरूलाई हामीले तयार गरेको असल अभ्यासहरू प्रति प्रतिबद्धता जाहेर गर्न प्रोत्साहन गर्छौ, जसले गर्दा उनीहरूलाई सकेसम्म समावेशी हुन सहयोग पुग्छ ।

# "पहुँच अनलाईनबाट सुरू हुन्छ" का बारेमा

पहुँच अनलाईनबाट सुरू हुन्छ अभियानको उद्देश्य भनेको कार्यक्रम स्थल तथा महोत्सवहरूलाई आफ्नो कार्यक्रममा सहभागी हुनसक्ने सम्भावित अपाङ्गता भएका तथा बहिरा दर्शकहरूका लागि विस्तृत र स्पष्टरूपमा पहुँच बारेको सुचना प्रदान गर्न सक्षम बनाउनु रहेको छ ।

सन् २०१६ मा हामीले गरेको पहुँच सम्बन्धी अध्ययनमा युकेमा रहेका ५२% कार्यक्रम स्थल र महोत्सवहरूले पहुँचको सुचना प्रदान नगरेको वा गरेको भएपनि न्यून महत्व दिएको पाईएपछि यो अभियान सुरू गरिएको हो ।

सन् २०१६ को पहुँचको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन पढ्नको लागि निम्न लिङ्कमा जानुहोला : www.attitudeiseverything.org.uk/soar

विभिन महोत्सव तथा बाहिरी कार्यक्रमहरूले अपाङ्गता भएका तथा बहिरा व्यक्तिलाई गुणस्तरीय सुचना प्रदान गर्न सकुन भनेर यो मार्गदर्शक पुस्तिकाको विकास गरिएको हो ।

### पहुँच बारेको सुचना कहाँ राख्ने?

पहुँचको सुचनाहरू कुनै पनि कार्यक्रमको लागि तयार गरिएको वेबसाईटमा छुट्टाईएको निश्चित पृष्ठमा राख्दा राम्रो हुन्छ । तर सो पृष्ठ वेबसाईटको गृहपृष्ठ बाट पनि सजिलै भेटिने हुनुपर्छ ।



# पहुँचयुक्तता सम्बन्धी जानकारीमा के के समावेश गर्ने?

## १. परिचय

- महोत्सवका तर्फबाट अपाङ्गता भएका तथा बहिरा दर्शकहरूका लाई स्वागत गर्ने १-२ वाक्य ।

परिच्य खण्डको प्रयोग गरेर तपाईंले आफ्नो महोत्सव सके सम्म सबैका लागि समावेशी हुन प्रतिवद्ध रहेको जानकारी गराउन सक्नुहुन्छ ।

## २. सम्पर्क विवरण

- सम्पर्कका लागि तोकिएको व्यक्तिको नाम र भुमिका - जस्तै- पहुँच अधिकारी
- ईमेल
- फोन
- हुलाक ठेगाना
- जवाफ दिन लाग्न सक्ने सम्भावित समय

सम्पर्क व्यक्तिको जानकारी दिदाँ भरसक नाम नै तोकेर दिने प्रयास गर्नुहोस् । र सो व्यक्तिलाई पहुँच सम्बन्धी सबै सुचना व्यस्थापनको लागि जिम्मेवारी दिनुहोस् । यसो गर्दा ग्राहकलाई ढुक्क हुनुका साथै कुनै निश्चित आवश्यकताका बारेमा लामै छलफल भएको खण्डमा पनि एकै व्यक्तिसँग मात्रै कुराकानीको क्रम हुने भएकाले दुवै पक्षलाई सजिलो हुन्छ । साथै पहुँचका बारे छलफल गर्न info@ जस्तो सबैतिर प्रयोग हुने ईमेल भन्दा यसै विषयको लागि तयार गरिएको access@ जस्तो ईमेलको प्रयोग गर्नुहुन अनुरोध छ । यदि तपाईं फोन नम्बर प्रदान गर्न असमर्थ हुनुहुन्छ भने, ग्राहकलाई चाहि फोन नम्बर प्रदान गर्न अनुरोध गर्नुहोस्, ताकी तपाईंले पछि कल ब्याक गर्न सक्नुहोस् । यदि पहुँच सम्बन्धी कुनै सुविधाहरूको उपभोग गर्न वा बुक गर्न कुनै प्रमाण (जस्तै अपाङ्गता परिचयपत्र आदि) आवश्यक पर्छ भने, त्यसता कागजात प्राप्त गर्न हुलाक ठेगाना आवश्यक हुन सक्छ । ग्राहकहरूका पहुँच सम्बन्धी प्रश्नहरू बढिमा ५ दिन भित्र जवाफ दिईसक्नुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

## ३. पहुँच सम्बन्धी सबै सुचनाहरूको डाउनलोड लिङ्क

- वर्ड फाईलमा पहुँच सम्बन्धी सबै सुचनाहरू राखेर त्यसको डाउनलोड लिङ्क प्रदान गर्नुहोस्

यसो गर्नाले धेरै व्यक्तिहरूलाई सहज हुन्छ, विशेषगरी स्क्रिन रिडर सफ्टवेयरको प्रयोग गरेर कम्प्युटर चलाउने दृष्टिविहिन व्यक्तहरूलाई, किनभने उनीहरूले एकपटक डाउनलोड गरेर सबै सुचना पाउँछन् र सुचनाको लागि वेबसाईटको बिभीन्न पृष्ठमा घुमिराख्न पर्दैन ।

## ४. कार्यक्रम स्थलको विवरण

- कार्यक्रम आयोजना हुने स्थानको बारेमा आधारभुत जानकारी हरू जस्तैः त्यहाँको भौगोलिक अवस्था र मौसमले पार्न सक्ने प्रभाव
- हिड्न सजिलो हुने पक्कि बाटो भएको (वा नभएको) जानकारी
- कार्यक्रमको अवधिमा प्रस्तुतिकरण हुने स्टेज वा स्थानहरूको सङ्ख्याको जानकारी
- पहुँचयुक्त विश्रामक्षेत्र बाट प्रस्तुतिकरण गरिने स्टेज वा स्थानहरूको दुरी
- पार्किङ्गको व्यवस्था छ भने, पार्किङ्ग देखि कार्यक्रम स्थल सम्मको जानकारी
- कुनै पनि एउटा स्थान देखि अर्को स्थान सम्मको जानकारी (जस्तैः ठुलो चौरको दुई कुनामा स्टेजहरू

भए, त्यसको विवरण दिने)

यो सुचनाले अपाङ्गता भएका दर्शकहरूको लागि टिकट खरिद गर्न र कार्यक्रममा सहभागी हुन योजना बनाउनको लागि मद्दत गर्छ । जस्तैः हिडडुलका लागि उनीहरूलाई कुनै सहयोगी सामाग्री चाहिन्छ कि चाँहिदैन भनेर योजना बनाउन आदि यदि यी सुचनाहरू सहि ढङ्ग बाट प्रदान गर्न सकियो भने, महोत्सवको बेलामा ग्राहकहरूका प्रश्नहरू कम हुनुका साथै र व्यस्थापन गर्न सकिने किसिमका हुन्छन् ।

## ५. बुक गर्न मिल्ने पहुँचका सुविधाहरू

- व्यक्तिगत सहयोगीहरूका लागि निशुल्क टिकट
  › यस्तो योजनाको विस्तृत विवरण दिनुहोस्

अपाङ्गता भएका व्यक्तिहरूका साथ आउने व्यक्तिगत सहयोगीहरूका लागि निशुल्क टिकट प्रदान गर्नु भनेको दिर्घकालिन स्वास्थ समस्या भएका वा अन्य गम्भिर प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूलाई तपाईंको कार्यक्रममा सहभागी हुन सहज बनाउनको लागि प्रदान गरिने अनुकुलताको उदाहरण हो । यहाँले यस्तो सुविधा प्रदान गर्नु अघि आवश्यक प्रमाणहरूको माग गर्न सक्नुहुन्छ । (जस्तैः अपाङ्गताको परिचय पत्र)

- अवलोकन स्थल वा क्षेत्रसम्म पुग्नका लागि पहुँचको अवस्था
  › उपलब्ध सबै अवलोकन स्थलको अवस्था बारे जानकारी दिनुहोस्
  › महोत्सवमा प्रवेशको लागि आवश्यक प्रकृया (जस्तै टिकट, पास वा हाते ब्याण्ड) को जानकारी
  › महोत्सवको सुरक्षा र सतर्कताको प्रकृया र दर्शकलाई सहयोग गर्न खटाईने कर्मचारीहरू बारे जानकारी
  › अवलोकन स्थलहरूमा शौचालय उपलब्ध छ कि छैन भनेर पनि जानकारी दिनुपर्छ

  › यदि महोत्सवका प्रस्तुति हेर्नको लागि प्रवेश पास वा अन्य प्रकृयाको आवश्यक छैन, तर महोत्सवका अन्य सुविधाहरू प्रयोग गर्न चाहि त्यसको प्रकृया लागु गरिएको छ भने, एउटा छुट्टै खण्ड बनाएर त्यसको जानकारी दिनुहोस् ।

महोत्सवमा प्रवेशको लागि निश्चित प्रकृया लागु गरिएको खण्डमा चाहिँ अपाङ्गता भएका दर्शकहरूका लागि नियमित दर्शकको जस्तै पास र उनीहरूको सहयोगीका लागि चाहि, साट फेर गरेर लगाउन मिल्ने पासहरू दिनुहुन सुझाव दिन्छौँ। यसो गर्दा, अपाङ्गता भएका व्यक्तिहरूको बिभिन्न साईटहरूमा जानको लागि आफुलाई सहज हुने व्यक्तिहरूलाई सहयोगी बनाउन सक्छन् ।

- पहुँचयुक्त क्याम्पिङ्ग स्थल (यदि उपलब्ध भएमा)
  › क्याम्पिङ्ग स्थलको अवस्थाको बारेमा जानकारी
  › उपलब्ध सुविधा तथा सहयोगहरूका बारेमा जानकारी
  › क्याम्पिङ्ग भेन (गाडी) उपलब्ध भए, त्यसको प्रयोगका नियमबारे जानकारी

  › यदि क्याम्पिङ्ग साईट प्रयोग गर्नलाई अगाडी नै बुक गर्नु नपर्ने भए, एउटा छुट्टै खण्ड बनाएर त्यस सम्बन्धमा तपाईंले प्रदान गर्न सक्ने सुविधाहरू बारे जानकारी दिनु होला ।

सार्वजनिक क्याम्पिङ्ग गर्नको लागि छुट्टाईएको स्थानहरू मध्ये आउन-जान र महोत्सवका प्रस्तुति हुने ठाउँ सम्म पुग्न सहज र मैत्री हुने एउटा भागलाई छुट्टाएर पहुँचयुक्त क्याम्पिङ्गको लागि तोकिदिदाँ राम्रो हुन्छ ।

- पहुँचयुक्त पार्किङ्ग (यदि उपलब्ध भएमा)
  › पार्किङ्गको स्थान बारे जानकारी दिनुहोस्



  › टिकट काउन्टर वा बक्स अफिस र मुख्य गेट सम्मको दुरी
  › पहुँचयुक्त क्याम्पिङ्ग साईट सम्मको दुरी (यदि उपलब्ध छ भने)
  › यदि पार्किङ्गको क्षेत्र क्याम्पिङ्ग साईट बाट निकै पर भएको खण्डमा ग्राहकहरूले आफ्नो सर-सामान कसको साथमा छोड्न मिल्छ भन्ने जानकारी दिनुहोस्
  › यदि पहुँचयुक्त पार्किङ्गलाई अग्रिम बुकिङ्ग गर्न आवश्यक छैन भने, बुक गर्न मिल्ने सुविधाहरू भन्दा तल्लो पट्टि नयाँ खण्ड बनाएर त्यहाँ माथि भनिएका दुरीहरू र पहुँचयुक्त पार्किङ्ग प्रयोगका लागि के गर्नुपर्ने हो भनेर विवरण दिनुपर्छ ।

महोत्सवमा पार्किङ्गको लागि छुट्टाईएको मध्य क्याम्पिङ्ग साईट र टिकट काउन्टर वा पास वितरण काउन्टर भन्दा नजिक पर्ने एउटा भागलाई पहुँचयुक्त पार्किङ्ग भनेर तोकिदिदाँ राम्रो हुन्छ ।

## ६. आवेदन कसरी दिने?

- प्रकृयाको बारेमा जानकारी
- यदि कुनै कागजात चाहिने भए, कुन ढाँचामा स्विकार गरिन्छ भन्ने जानकारी

ईच्छुक व्यक्तिहरूका लागि उपलब्ध सुविधा र तिनीहरूको प्रयोग गर्नका लागि निश्चित प्रकृया तोकियो भने, यसले आवेदनको बेलाको अनुभवलाई छरितो र सहज बनाउँछ । सबैजनालाई सुविधाहरू के के हुन् र तिनीहरूलाई बुक गर्नको लागि प्रकृया के हो भन्ने थाहा होस् भन्ने सुनिश्चित गर्नुहोस् ।

## ७. यात्राको जानकारी

- निम्न विषयहरूका बारेमा आवश्यक जानकारी दिनुहोलाः
  › पहुँचयुक्त पार्किङ्ग (यदि माथिका खण्डहरूमा लेखि नसकेको भए मात्र)
  › यदि कोहि दर्शकहरू ट्याक्सीमा आउनुहुन्छ र वहाँहरूलाई टिकट काउन्टर वा क्याम्पिङ्ग साईट सम्म पुग्नु छ भने, ट्याक्सीमा कहाँ सम्म आउन मिल्ने हो ।
  › सार्वजनिक यातायात
  › निश्चित क्षेत्रहरूबाट महोत्सवको लागि सटल बस उपलब्ध गराईएको भए सो को जानकारी

यदि तपाईंको महोत्सवमा सटल बसको सुविधा छ भने, ती बसहरू मध्य कुनै अपाङ्गमैत्री छन् कि छैनन् भनेर बुझ्नहोस् । यदि कसैले माग गरेको खण्डमा वैकल्पिक रूपमा कसरी पहुँचयुक्त यातायातको सुविधा प्रदान गर्ने हो भनेर योजना बनाउनुहोस् । ट्याक्सी वा सटल बसले सकेसम्म पहुँचयुक्त स्थानमा उतार्ने व्यवस्था मिलाउनुपर्छ ताकी, दर्शकहरूलाई महोत्सवमा सहभागीको लागि पास वा टिकट लिन सहज होस् ।

## ८. आगमन जानकारी

- कार्यक्रम स्थल (साईट) खुला हुने समय
  › अग्रिम टिकट काटिसकेकाहरूका लागि वा क्याम्पिङ्ग साईटको प्रयोग गर्न चाहनेहरूका लागि उपयुक्त हुने सहित अन्य सबै जानकारीहरू प्रदान गर्नुहोस्
- कार्यक्रम स्थलमा आगमन
  › महोत्सवमा आईसकेपछि दर्शकहरूले के आशा गर्न सक्छन् भन्ने जानकारी दिनुहोस् - जस्तैः कसले उनीहरूलाई विभिन्न ठाउँसम्म पुर्याउँछ वा केहि प्रश्न भए कसलाई सोध्ने
- सहभागीको लागि आवश्यक पास वा हाते-ब्याण्ड संकलन
  › संकलन केन्द्रको पार्किङ्ग अथवा ट्याक्सी वा बसले उतार्ने ठाउँबाटको दुरीको जानाकारी दिनुहोस
  › पास वा हाते ब्याण्ड प्राप्त गर्ने दर्शकहरूले साथमा के के ल्याउनु पर्ने हो भन्ने जानकारी

ग्राहक (दर्शक)हरू कार्यक्रम स्थलमा आईसकेपछि अलमल मा पर्न सक्छन्, विशेषगरी यदि सहभागीताको लागि उनीहरूले पास वा अरू केहि लिनुपर्ने हो भने। त्यसकारण आवश्यक प्रकृयाहरूको बारेमा अग्रिम जानकारी दिनाले उनीहरूलाई सहज महशुस गराउनका साथै, महोत्सव आयोजक समक्ष आउने प्रत्यक्ष प्रश्नहरूलाई पनि कम गर्छ। यदि अग्रिम टिकट काटेका व्यक्तिहरूको सुविधा अन्य सहभागीहरूलाइ पनि शसुल्क प्रदान गर्ने हो भने, पहुँचयुक्त पार्किङ्ग साईट प्रयोग गर्न चाहनेहरूलाई पनि त्यसो गर्न दिनुपर्छ।

## ९. शौचालय

- क्याम्पिङ्ग स्थल, कार्यक्रम अवलोकन केन्द्र वा महोत्सवका अन्य क्षेत्रमा रहेका शौचालयहरूको जानकारी दिनुहोस् (यदि अवलोकन स्थलमा शौचालय छैन भने, नजिकमा रहेको शौचालयको दुरी)

हामी त यो सुझाव दिन्छौँ कि- पहुँचयुक्त क्याम्पिङ्ग स्थल, पारिवारिक क्याम्पिङ्ग स्थल, प्रस्तुति हुने क्षेत्रमा रहेका शौचालयहरूमा र सकिन्छ भने अवलोकन स्थलमा पहुँचयुक्त शौचालयको व्यवस्था गर्नुपर्छ। त्यसैगरी महोत्सवमा रहेको स्वास्थ सेवा वा सोधपुछ केन्द्रमा पनि एउटा पहुँचयुक्त शौचालय हुनुपर्छ। र यी शौचालयहरू सफा हुनुपर्छ। शौचालय भित्र रहेका सबै फिटिङ्गहरू जस्तै धारा, कमोड आदि, जमिनको सतह भन्दा १ मिटर माथि सम्म मात्रै हुनुपर्छ। महोत्सवमा शौचालयको व्यवस्थापन गर्ने कम्पनी सँग अगावै समन्वय गरेर यी कुराहरूको सुनिश्चितता गर्नु पर्छ।

## १०. स्वास्थ्य तथा सामाजिक सेवा

- कार्यक्रम स्थलमा उपलब्ध सुविधाहरू बारे जानकारी
- पहुँचयुक्त क्याम्प साईट बाट यस्ता सेवा केन्द्रसम्मको दुरीको जानकारी
- यदि फ्रिज प्रयोग गर्न दिने सुविधा छ भने प्रयोगका शर्तबारे जानकारी
- यदि कसैको स्वास्थ्य सम्बन्ध कुनै निश्चित प्रश्न छ भने तपाईंलाई सम्पर्क गर्न अनुरोध गर्न सकिनेछ।

महोत्सवमा दर्शकहरूका लागि दवाईलाई भण्डारण गर्ने सुविधा प्रदान गर्न हामी सुझाव दिन्छौँ। यस्तो सुविधा पहुँचयुक्त क्याम्प साईटबाट नजिकै हुनुपर्छ साथै, कुनै खुड्किला नचढि पुग्न सकिने र २४ सै घण्टा खुला रहने हुनुपर्छ।

## ११. कार्यक्रमको पहुँचयुक्तता

- कार्यक्रम वा प्रस्तुतिको बेला सांकेतिक भाषा, क्यापसनिङ्ग वा अडियो विवरण जस्ता सेवाहरू उपलब्ध हुने भए सो को जानकारी
- यदि यी सेवाहरू उपलब्ध छैन भने पनि यसपाली यी सुविधा छैनन् भनेर प्रस्टरूमा जानाकारी दिने

कार्यक्रम वा प्रस्तुतिहरूको पहुँचयुक्तता लागि लगानी गर्नु भनेको, सुनाई सम्बन्धी वा दृष्टि सम्बन्धी अपाङ्गता भएा दर्शकहरूले महोत्सवबाट सकेसम्म धैरै लाभ उठाउन सकुन् भन्नलाई हो।

## १२. सहयोगी कुकुरहरू

- यसबारेको नियम वा शर्तहरूको जानकारी

यदि कोहि अपाङ्गता भएका दर्शकहरूले सहयोगी कुकुरहरूको प्रयोग गर्नुहुन्छ र आफ्नो सहयोगको लागी त्यसता जनावरहरूलाई महोत्सवमा ल्याउन चाहनुहुन्छ भने, त्यसो गर्न सक्नुहुन्छ भन्ने जानकारी दिनुहोस्।



## १३. स्ट्रोब वा फ्याल्श लाईट

- महोत्सवमा यस्ता लाईटको प्रयोगका नियमहरू बारे जानकारी दिनुहोस्

हामी सम्पुर्ण महोत्सवका आयोजकहरूलाई अनुरोध गर्न चाहन्छौँ कि आफ्नो महोत्सवमा यस्तो उच्च प्रकाश भएका वा बल्दै निभ्दै गर्ने फ्ल्याश लाईटहरूको प्रयोग नगर्नुहोस्, किनकी यिनीहरूको प्रयोगले केहि व्यक्तिहरूमा अचानक मिर्गीको आक्रमण हुन सक्छ। यदि त्यसो गर्न सक्नुहुन्न भने पनि, कमसेकम महोत्सवमा विभिन्न स्थानमा सो बारेमा जानकारी चाहिँ प्रदान गरिदिनुहोला।

## १४. अन्य जानकारी

- महोत्सवले प्रदान गर्ने अन्य उपयोगी जानकारीहरूको समावेश गर्नुहोस् - जस्तै विश्राम कोठा वा एकान्त कोठाको उपलब्धता (अटिजम भएका व्यक्तिहरूको लागी)

### आफ्नो टिममा छलफल गर्नुहोस

- महोत्सव र पहुँचयुक्तताको बारेमा छलफल गर्नको लागि समय तोक्नुहोस्
- महोत्सवको वेबसाईट चलाउने, ग्राहक सेवा प्रतिनिधि वा कार्यक्रम स्थलको व्यवस्थापन टोलीका सदस्यहरूलाई छलफलमा समावेश गर्नुहोस्
- यो पुस्तिकालाई छलफलको एजेन्डा बनाउन सकिन्छ

### महोत्सवको वेबसाईटमा पहुँच सम्बन्धी जानकारी दिने निर्धारित पृष्ठ बनाउनुहोस्

- यस पृष्ठलाई पहुँच सम्बन्धी जानकारी भनेर नाम दिन सकिन्छ। साथै अन्तराष्ट्रिय रूपमा नै प्रयोग गरीने व्हिलचियरको चिन्हलाई पनि सँलग्न गर्न सकिन्छ- जस्तैः ♿
- प्राय सोधिने प्रश्नहरूको लामो सुचीमा कतै यसलाई सँलग्न गर्नुको सट्टा, पहुँचको लागि छुट्टै पृष्ठ नै बनाउनुहोस् भन्ने हाम्रो सुझाव छ ।

Attitude is Everything लाई सम्पर्क गर्नका लागि, ईमेल पठाउनुहोस् :
info@attitudeiseverything.org.uk



# पहुँच अनलाईनबाट सुरू हुन्छ

attitude
is everything

ठेगाना: ५४ चाल्टन स्ट्रिट, लण्डन, एन् डब्लु १, १ हस् एस्
वेबसाईटः www.attitudeiseverything.org.uk
@attitudetweets
/attitudeiseverything
@attitudeiseverythinghq
फोनः +४४ ०२० ७३८३ ७९७९

कम्पनी दर्ता नम्बर ६३९७५३२ गैर नाफामुलक संस्था आवद्धता नंः ११२१९७५